## मेलम्ची खानेपानी विकास समितिको
## प्रेस विज्ञप्ती

(मिति २०८०/९/३)

बाढीबाट क्षतिग्रस्त मेलम्ची खानेपानी आयोजनालाई बर्षायाम पछिमात्र संचालन गर्न सकिने अवस्था रहेको व्यहोरा सबैमा अवगत नै छ । २०८० साल असार ८ गने बर्षायामको जोखिमलाई मध्येनजर गरी सुरुङ्ग मार्फत मेलम्ची नदीको पानी संचालन गर्ने कार्य बन्द गरिएकोमा २०८० साल साउन २८ र २९ गते मेलम्ची नदीमा ठुलो बाढी आएको कारण पुनः हेडवर्क्स पुरिएको र पहुँच सडक समेत क्षतिग्रस्त भएकोले तत्काल पानी पथान्तरणको काम सुरु हुन नसकेको व्यहोरा जानकारी गराइन्छ । निर्माण व्यवसायीसंगको ठेक्कामा सोही कामको लागि थप भेरिएसन गर्नुपर्ने, निर्माण व्यवसायीको नगद परिचालनमा समस्या भएको, सि.एम.सि. का स्थानीय आपूर्तिकर्ताबाट आवत जावतमा समेत अवरोध सिर्जना गरिएको लगायत बिभिन्न प्राविधिक तथा करारीय समस्याहरु पर्न आएकोले पानी पथान्तरणको कार्य सुचारु गर्न ढिलाई हुन गएको छ । यो समस्या समाधानका लागि खानेपानी मन्त्रालय तथा मेलम्ची खानेपानी विकास समितिबाट अथक प्रयास गरिएको छ । पथान्तरणमा ढिलाई भएको कारण काठमाण्डौं उपत्यकाबासीबाट दबावमूलक प्रदर्शनहरु हुदै आएकोमा मेलम्ची खानेपानी विकास समिति अझ बढी गम्भिर भएको छ ।

खानेपानी मन्त्रालयका सचिव श्री सुरेश आचार्यको अध्यक्षतामा मेलम्ची खानेपानी विकास समितिको मिति २०८०/०९/०३ गते बसेको बोर्ड बैठकबाट निर्माण व्यवसायीसंग एक समझदारीपत्र (MOU) मा आजै हस्ताक्षर गरी तत्काल निर्माण व्यवसायीलाई साईटमा परिचालनका लागि आवश्यक सहजिकरण र समन्वय गर्ने निर्णय भएको छ । सो बैठकले निर्माण व्यवसायी सिनोहाइड्रो मार्फत नै तत्काल कार्य सुचारु गर्ने र मेलम्ची नदीको पानी पथान्तरण गर्ने सहमति भएको छ । सहमति अनुसार निर्माण व्यवसायी सिनोहाइड्रो तत्कालै साईटमा परिचालन हुनेछ र आकस्मिक परिस्थिति पर्न आए बाहेक बढीमा २८ दिनको द्रुत कार्यतालिका अनुसार २ सिफ्टमा जनशक्ति परिचालन गरी पानी पथान्तरणका लागि आवश्यक कार्यहरु सम्पन्न गरिने छ । पथान्तरण पश्चात मेलम्ची नदीको पानी दैनिक १७ करोड लिटरका दरले उपलब्ध गराइने छ र काठमाण्डौं उपत्यका खानेपानी लिमिटेडबाट सुन्दरीजल पानी प्रशोधन केन्द्रमा प्रशोधन गरी काठमाण्डौं उपत्यकामा वितरणका लागि पुनः उपलब्ध हुने व्यहोरा उपत्यकाबासीलाई जानकारी गराइन्छ ।

राजेन्द्र प्रसाद पन्त
प्रवक्ता, मेलम्ची खानेपानी विकास समिति, पानीपोखरी ।